लेखापरीक्षण प्रतिवेदन

भीरकोट नगरपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

भीरकोट नगरपालिका, स्यांजा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82

मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/516

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
भीरकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
स्याङजा।

कैफियतसहितको राय

हामीले भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१ पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोषव्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७ करोड ०२ लाख ८४ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार, एकीकृत स्वास्थ्य क्षेत्रसुधार कार्यक्रमको रु. २४ लाख २० हजार समेत रु.१७ करोड ३१ लाख २० हजार समावेश गरेको छैन।

२ यस पालिकाको रु १ अर्व ५६ करोड ४६ लाख ७ हजार लेखापरीक्षण गरिएकोमा रू १ करोड ३४ लाख २० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ९ लाख ३२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु १ करोड २४ लाख ८८ हजार मध्ये असुल गर्नुपर्ने रू ४ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५३ लाख २८ हजार, नियमित गर्नुपर्ने रु. ४७ लाख ९८ हजार र पेस्की बाँकी रु. १८ लाख ६२ हजार रहेको छ।.गत वर्षसम्म रु. ५ करोड २७ लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा सम्परिक्षणबाट रु २ करोड ०२ लाख ७२ हजार फछ्यौट भइ हालसम्मको अद्यावधिक बेरुजू रु.४ करोड ४९ लाख ५८ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३ लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी

लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।
४ यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४९	६६	१,३४,२०,६०६	०	९	९,३२,५५२	०	४९	५७	१,२४,८८,०५४	४,९७,८६५	४७,९८,३५०	५३,२८,९८९	०	०	१,०१,२७,३३९	१८,६२,८५०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
स्याङजा	५२७४३०००	0	२०२७२३२९	३२४७०६७१	0	१२४८८०५४	४४९५८७२५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	५५	सामुदायिक सिकाई केन्द्र	२,५०,०००
२	२०८०/८१	२७	बिद्यालय तलब निकासा	१,४०,९१६
३	२०८०/८१	६१	छुट तलब	१,३३,८६६
४	२०८०/८१	५६	कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण	१,८२,०००
५	२०८०/८१	५४	अनुदान कार्यक्रम	२,२५,७७०
६	२०७९/८०	४	स्वीकृत दरवन्दी वाहिर करार सेवा	७७,०००
७	२०७९/८०	४५	स्वकीय सचिवलाई भ्रमण खर्च	२३,१००
८	२०७९/८०	४३	स्थानीय पाठ्यक्रम सम्बन्धी पुस्तक छपाई	१९,९०,०००

९	२०७९/८०	६३	शीर्षक फरक पारी खर्च	११,२२,५४४
१०	२०७९/८०	५५	विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः	४,५७,६५०
११	२०७९/८०	६७	मेयरकप रनिङ शिल्ड प्रतियोगिता	६,४०,८४०
१२	२०७९/८०	४१	मृत्यु पश्चात भत्ता भुक्तानीः	४५,७००
१३	२०७९/८०	४९	मूल्य अभिबृद्धि करमा दर्ता नभएकोसँग खरिद	१,३७,११५
१४	२०७९/८०	४८	मूर्ति खरिदका लागि सहायता	६०,०००
१५	२०७९/८०	थप बेरुजु १	फरक हिसाब	१,००,००,०००
१६	२०७९/८०	६८	पेश्की वाँकी	५,०९,२६५
१७	२०७९/८०	५१	पेश्कीलाई खर्च मानेर प्रविष्टी	१,२५,०००
१८	२०७९/८०	५८	नमुना विद्यालय:	६,००,०००
१९	२०७९/८०	५४	तारजाली खरिद :	१७,५९,१६३
२०	२०७९/८०	६६	ग्याबिन जाली खरिद	१,७९,९५२
२१	२०७९/८०	६४	क्याम्पसलाई अनुदान	१५,००,०००
२२	२०७९/८०	२७	अन्य निकायको खर्च/ असम्बन्धित खर्च :	४५,०००
२३	२०७८/७९	५०	कृषि रणनीति निर्माण:	१०,००,०००
जम्मा				२,१२,०४,८८१

(८०४४३४०४३०० - भीरकोट नगरपालिका, स्यांजा)

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय : स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडारहेको छ भने क्षेत्रफल ७८.२३ वर्ग किलोमिटर तथा २२६४५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।७ देखि २०८१ ।५।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

· **लेखापरीक्षणको क्रममा असुली -**लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ६०००० असुली भई सञ्चित कोष दाखिला भएको छ ।

कार्यक्रम/ब.उ.शी.नं.	वापत	रकम	मिति	दाखिला भएको बैङ्क
पुँजिगत	उपभोक्ता समिति	६००००	२०८१।५।७	नेपाल इन्भेष्टमेन्ट
चालु	बढी तलब	१५९७६	२०८१।६।४	नेपाल बैक लिमिटेड

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७०२८४९९७, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम विकास कार्यक्रम २४२०२११.६० , गरिबसँग विश्वेश्वर कार्यक्रम ४,१५,००० समेत गरी रु. १७,३१,२०,२०८.६० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ४१७५४८३।७८ , यस वर्षको प्राप्ति रु. ६१७०९९४३। १२ ,यस वर्षको भुक्तानी रु. ४८७९७१४९।२२र बैङ्क मौज्दात रु. ७०३५५९।०६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	**१७४५७१४९।५५**	**५३८२८२०३४।५४**	**५४०५४१८९१।०८**	**२३२३१०४४।०७**
एकीकृत आर्थिक विवरणअनुसार	१३२८१६६५।७७	५९९९११९७७।६६	५८९३३९०४०।३०	२३९३४६०३।१३
फरक	४१७५४८३।७८	६१७०९९४३।१२	४८७९७१४९।२२	७०३५५९।०६

५ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २२६३०७३६।५५ मौज्दात रहेकोमा यो वर्ष रु. २८९००८७५।७७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६२७००२।२२ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

६ **बैङ्क हिसाब विवरण**

.स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	१६१९९०३८।०७	२३९३४६०३।१३	(७७३५५६५।०६)
चालु खर्च खाता	-	-	-
पुँजीगत खर्च खाता	-	-	-
विविध खर्च खाता	-	-	-
विपद व्यवस्थापन खाता	-	-	-
स्थानीय विभाज्य कोष	-	-	-
कर्मचारी कल्याण कोष खाता	-	-	-
धरौटी	७०३२००६	६५५५६६८	४७६३३८
ग१.१, आन्तरिक राजस्व खाता	-	-	-
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	-	-	-
बैङ्क	२३२३१०४४।०७	३०४९०२७१।१३	(७२५९२२७।०६)
जम्मा			(१४५१८४५४।१२)

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार धरौटीको बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दातमा रु. ४७६३३८ घटी देखाएको रु.

प्रमाण पेश नगरेको	४,७६,३३८

७ **कर दायित्व**

पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु १५५५ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्दछ।

८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर भीरकोट नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· पालिकाले पालिकाका कर्मचारीहरुलाई रु २ करोड ३४ लाख ९९ हजार र स्वास्थ्य तर्फका कर्मचारीहरु रु २ करोड ४८ लाख तलवि प्रतिवेदन पारित नगरी भुक्तानी भएको छ ।

· पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

· निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा आशिंक रुपमा गरेको पाईयो ।

· ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

· पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

· भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन प्रतिवेदन आंशिक रुपमा पेश गरेको छ ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. १२ लाख ८९ हजार ०६९ खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

· पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

· पालिका भित्रका विद्यालयहरुको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

· संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

· संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेकोछैन।

· सवारी साधनको मर्मत अभिलेख राख्नुपर्नेमा अभिलेख राखेको देखिएन

· सवारी साधनको इन्धन प्रयोगको सवारी लगबुक राख्नुपर्नेमा राखेको देखिएन

· पालिका वडाहरुको वडा अध्यक्षलाई प्रदान गरेको जिम्मेवारी कार्यवाहकलाई दिएकोमा नियम सम्बत देखिएन।

· प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारीको अख्तियारी प्रदान नगरी निमित्त प्रमुख प्रशासकिय अधिकृतले अख्तियारी प्रयोग गरेको नियम सम्बत देखिएन।

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो अनुसारको मध्यकालीन खर्च संरचना तयार नगरेको ।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठी तर्फ वढि केन्द्रित भई वितरण मुखि रहेको पाईयो ।

· पालिकाले सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयहरु र विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· कुनै रकम भुक्तानी दिदाँ आर्थिक कार्यविधि नियमावली २०७७ अनुसार भुक्तानीको सिलसिलेबार नम्बर राखि भुक्तानी जनाउने छाँप लगाई भुक्तानी दिनुपर्नेमा सो अनुसार भुक्तानी दिएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१० **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

११ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०८ मा रु. ७८ करोड ८२ लाख १६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।०८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१३ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	९२४०००००	८२७८०७७३	८९।५९
२	पूर्वाधार विकास	१५११४१५९४	११९२९१६८०	७८।१३
३	सामाजिक विकास	२५४९३२३३०	२३६७८५७३०	९२।८८
४	बातावरण तथा विकास	९०००००	७६००००	८४।४४
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	११४४०१०४४	१०१५५३७०७।२३	८८।७७
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	२५००००	२०००००	८०
जम्मा		**६१४०२४९६८**	**५४१३७१८९१।०८**	८८।१६

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ९२।८८ प्रतिशत र पूर्वाधार विकास मा सबै भन्दा घटीमा ७८।१३ प्रतिशत रहेको छ ।

१५ सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल सरकार र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

रु हजारमा

सम्पत्ति	**प्राप्त मिति**	**संख्या**	**खरिद/प्राप्ति मूल्य**	**कैफियत**
घर जग्गा क्षेत्रफल र संख्या सहित	२०७३ देखि २०८० सम्म	२४ वटा भवन र जग्गाको क्षेत्रफल ९-११-३-२	१०९३९	भवनको लागत अनुमान नभएको
सवारी साधन (रु.१ लाखभन्दा बढी)	२०७२ देखि २०७९ सम्म	३० वटा	१५९०	मोटरसाइकल स्कुटर पिकअप र एम्बुलेन्स
उपकरण (रु.१ लाखभन्दा बढी)	२०७६	२ वटा	१६००	स्काभेटर र जे सि भि
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	२०७४	१ वटा	१००	पुन निर्माण कार्यालय काठमांडौ बाट हस्तातरण भई आएको

१६ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १७६ वडाको लागि वडागत र पालिकास्तरका कुल ८७ योजनामा वजेट विनियोजन गरेको छ।

· क्र. सं.	· कार्यक्रमको नाम	· योजना सङ्ख्या	· रु.२० लाखमाथिका योजना सङ्ख्या	· रु.५ लाखदेखि २० · लाख सम्मका योजना सङ्ख्या	· रु.५लाखभन्दा कमका योजना सङ्ख्या
· १.	· पालिकास्तरीय	· ८७	· १५	· १६	· ५६
· २.	· वडास्तरीय	· १७६	· -	· १५	· १६१

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

१७ लक्ष्य प्रगति

· कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला्इ जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	२६३	-	-	-	२६३

१८ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आय र राजस्व बाँडफाँड बाट रु १५३३७०७२८।२४ र अनुदानबाट रु ४४७७४५४५७ समेत रआम्दानी भएकोमा चालु तर्फ रु ३८७७४२५८०।७९र पूँजिगत तर्फ रु १६७७६१८२१ समेत रु ५५५५०४४०१।७९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८।३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ११५२३२०० खर्च भएको छ जुन आन्तरिक आयको २५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान रकमबाट ८६ प्रतिशत चालु र ३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१९ **चौमासिक पूँजीगत खर्च**

· आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको चौमासिक खर्च विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो		
पुँजीगत खर्चतर्फ	१६५६२३२३६	२७४९५३४६	६२८३५२७९	४६५०६८१५		२८७८५७९६
प्रतिशत	१००	१६.६	३७.९४	२८.०८		१७.३८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १६ करोड ५६ लाख २३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ७४ लाख ९५ हजार(१६.६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ६ करोड २८ लाख ३५ हजार (३७.९४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ४ करोड ६५ लाख ६ हजार (२८.०८ प्रतिशत) खर्च गरेको देखिएको छ ।

२० **सहकारी नियमन**

· सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १६ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सहकारी नियमावली, वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको सुपरिवेक्षण, नीरीक्षण तथा अनुगमन निर्देशिका, सम्पत्ति शुद्धीकरण विवरण सम्वन्धी सहकारी संस्थालाई जारी गरिने निर्देशिका, साधारणसभा सम्वन्धी निर्देशिका, सहकारी संस्थामा सुशासन प्रवर्द्धन निर्देशिका बनाई जारी भएको नदेखिएको ,संस्थाले सदस्यलाइ दिने ऋणमा सेवा शुल्क तथा नविकरण शुल्क तोकिए बमोजिम हुने भन्ने दफा ३९(३)को व्यवस्था अनुसार नियमावली जारी नभएको र सम्पूर्ण संस्थाहरुले कारोवारको चौमासिक, वार्षिक प्रतिवेदन नीति, योजना, शेयर सदस्य संख्या र शेयर रकम, खुद बचत सम्वन्धी नीति, योजना समेतको विवरण कानून वमोजिम उपलब्ध गराउनु पर्नेमा गराएको देखिएन ।

व्याजलाई पुँजीकृत गरी व्याज लिने, अन्य कम्पनीको शेयर खरिद गर्ने, गैर सदस्यलाई ऋण दिने, संस्थाको रकम उद्देश्य विपरीत अन्यत्र लगानी गर्ने, अन्य शुल्कहरु लिने, कानून परिपालना नगर्ने संस्थाको सुक्ष्म र प्रभावकारी रुपमा अनुगमन निरीक्षण गरी सहकारी संस्थासँग सम्वन्धीत फाइलहरु छुट्टा छुट्टै रुपमा राखी अध्यावधिक कानून वमोजिम कारवाही गर्नुपर्दछ ।

२१ सार्वजनिक खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६ करोड ५६ लाख २३ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२२ बजेट अवण्डा

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ३० लाख अबण्डा बजेट व्यवस्था गरी ३ कार्यक्रममा रु. ३३ लाख ४७ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	कार्यक्रम नाम	बजेट / खर्च
१	युवा खेलकुद कार्यक्रम	१६,३६,०००
२	मेयर सँग रोजगार कार्यक्रम	९,३६,०००
३	महिला सँग उपमेयर कार्यक्रम	७,७५,०००

२३ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२४ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । नगरपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो।यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यस प्रकारको योजनाहरुमा खरिद गरी वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थाको जिन्सीमा

आम्दानी बाँधेको समेत देखिंदैन । यसरी संस्थाको जिन्सीमा आम्दानी नभएका सामानहरु संरक्षित हुन पनि सक्दैनन् ।नमुना परीक्षण गरी हेर्दा देखिएका केही उदाहरणका कार्यक्रमहरु देहाय अनुसार छन् । अतः यस्ता प्रकृतिका खर्चहरुमा मितव्यिता अपनाउनु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२५ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १२ लाख आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४ करोड ७९ को २.५ ३प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२६ भेरियशन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम सम्झौता गर्दाका बखत पुर्वानुमा गर्न नसकिएको परिस्थितिमा सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा भेरिएशन आदेश जारी गर्नु पर्नेमा भीरकोट नगरपालिका नगर अन्तर्गतको सुन्दरबजार मोहनडाँडा सडक निर्माण कार्य कारण खुलाइ भेरियसन आदेश जारी गर्नु पर्दछ उपनियम २ (ख) बमोजिम भेरिएशन पारिणामको प्राविधिक र कारण खुलाइ गर्न सकिने व्यवस्था छ । निर्माण कार्यको आइटमाको बढी परिणामाको प्राविधिक पुष्टाइ सहित कारण ली भेरिएशन भएको देखिएन बढी परिणाममा प्रविधिक पुष्टाइर कारण खुलाइ नहुने बढि मुल्यको सजिलो कार्यको बढि कार्य र कम मुल्य र असजिलो कार्यको कार्य परिणाम घटी हुने अवस्था सृजना भएले प्राविधिक पुष्टाइ र कारण खोलेर मात्र भेरिएशन बढी कार्यको भरिएशन भएको नियमित देखिएन रु

अनियमित भएको	८,५०,८५१

२७ बिद्यालय तलब निकासा (२२८/२०८१-१-२८):

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **१४०,९१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२८ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ७ करोड ३१ लाख ३४ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०। ८१ मा रु. ४ करोड ६० लाख ९७ हजार अर्थात अनुमान को ६३.०३ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सोधभर्ना नलिएको

३० मनोरन्जन कर

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६४ मा सिनेमा भिडियो हल सास्कृतिक प्रदर्दनहल तथा ऐतिहासिक स्थलको प्रवेश शुल्कमा ५ प्रतिशतका दरले मनोरञ्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । यस भिरकोट नगरपालिकाले हाल सम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन पालिकाको क्षेत्र भित्र रहेको यस्ता किसिमका मनोरञ्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रेको सम्पुर्ण मनोरन्जन स्थलको अध्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ ।

३१ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३९४००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३२ बस पार्कको लागि जग्गा भाडा

सार्वजनिक निकायले सार्वजनिक श्रोतको उपयोग गर्दा मितव्यी र अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्ने नगरपालिकाले बसपार्क संचालन गर्ने प्रयोजनको लागि बिभिन्न १२ जना व्यक्तिको जग्गा प्रति रोपनी बार्षिक १७०४५ का दरले भाडामा लिइ वार्षिक रु. २६२९८२ खर्च लेखेको छ । नगरपालिकाको उदेश्य नगरपालिका क्षेत्र यातायात संचालनलाई व्यवस्थित गरी यातायात आवतजावतमा सहजता ल्याउने भएता पनि पुर्व संभाव्यता अध्ययन विना नै वसपार्कको स्थान छनौट भएकोले नगरक्षेत्रमा उक्त जग्गाको उपयोग वसपार्कको लागि भएको पाइएन नगरपालिकाले यस प्रकारका कार्य गर्दा पुर्व सम्भाव्यता अध्ययन गरी सबैलाइ पायक पर्ने स्थानमा वसपार्क बनाउने स्थानको छनौट नगरी जग्गा भाडाम लिइ खर्च लेखेको रकम बराबरले पालिकाललाइ थप व्यवहार परेको देखिन्छ । पालिकाले प्रयोग बिहिन रहेको जग्गालाई भाडामा लिएर वसपार्क बनाएता पनि कानुनी प्रकृया पुरा गरेको पाइएन। यसको सम्भाव्यता अध्ययन विना यसरी सम्झौता गर्नु नियम सम्मत देखिदैन ।

(विस्तृत विवरण बेरूजु दफा ३२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३३ आन्तरीक आय

३३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

रु हजारमा

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५५५५०४४०१।७९	४६०९७५३३	८.३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३३.२ २०८०।३।८ को वाह्रौ नगर सभा (दोस्रो बैठक) को निर्णय नं १२ बाट नगरपलिलकाबाट संचालित निजी स्किनिङ्ग भाइब्रेटीङ्ग मेसिन प्रशोधन गर्ने नदीजन्य पदार्थको लागि निश्चिच क्षेत्र छुट्टाइ अनेय क्षेत्रहरुमा IEE प्रतिवेदनले निर्धारण गरेको मापदण्ड बमोजिम परिमाण नवढने गरी नदी जन्य पदार्थ (ढुंगा,गीट्टी बालुवा) उत्खनन निकासी गर्नका लागि बोलपत्र आह्वान गर्ने निर्णय भएकोमा उक्त कार्य अमानतमा गरीएको छ । २०७९ पौषमा गरिएको वातावरणीय अध्ययन परीक्षण प्रतिवेदन अनुसार दैनिक २२५ घनमिटर र वार्षिक ६१११११ घनमिटरबाट दहत्तर बहत्तर संकलन गर्न सकिनेमा अमानतबाट उक्त कार्य गरेको देखिन्छ । अनुसुचि ३क अनुसार ढुंगा,गिट्टी,

बालुवा दहत्तर ।बहत्तरको विक्री शुल्क बालुला २४०० गिट्टी १२०० चिप्स रु.१४०० ठुल्वे ढुंगा ८०० सानो ढुंगा (WESTAGE) २००।- का दरले निर्धारण गरेको गरेकोमा प्रतिस्पर्धात्मक रुपले उक्त कार्य गर्ने नगरसभाको निर्णय भएकोमा अमानतमा उक्त कार्य गरेकोलेनगर सभाको निर्णय विपरित उक्त कार्य भएको छ । जसबाट नगरपालिकालाई प्राप्त हुने आयमा संकुचन आउन सक्ने अवस्था सृजना भएको छ । पालिकामा रहेको डोजर संचालनगरी ग्रिजी स्किनिङ्ग भाइब्रेटिङ्ग मेशिन संचालन गर्ने कार्यका लागि पालिकामा रहेको ठुलो डोजर संचालन गरि संकलन कार्य गरिएकोमा डोजरको इन्धन वापत रु. ३७१३३७५।– र मर्मत खर्च रु.१७४६९४०।– कर्मचारी रु. २४६६१५३।– ७९२९४६५ खर्च भएकोमा मुल्य अभिवृद्धि कर बाहेक रु.२८१८००७६ राजश्व प्राप्त भएको छ । संचालन खर्चको तुलानामा आन्तरिक आय उठन सकेको छैन ।

३४ **कर तथा शुल्क असूली**

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	३००००००	९८९७०	३।३०
घरजग्गा वहाल कर	२००००००	९८०७३८।८	४९।०४
व्यवसाय कर	-	१८८८०	

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३५ **मुल्याङ्कन बेगर भुक्तानी** (४४८-२०८१-१-३१):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(१) सार्वजनिक नियकायले सम्पन्न भएको निर्माण कार्य आपुर्ती गरिएको मालसामान वा प्रदान गरेको संख्या स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नु पर्दछ । ग्रिजी स्कृनिङ्ग भाइब्रेटिङ्ग मेशिन प्लान्ट संचालनका लागि ढुंगा गिट्टी संकलनका लागि निम्न डोजर टिपर भाडामा लिइ संचालन गरेकोमा के किति परिमाणमा ढुंगा,गीट्टी संकलन भएको हो भन्ने मुल्यङ्गकन बेगर भुक्तानी भएको रु

विवरण	भुक्तानी
किस्मत कन्ष्ट्रक्सन इन्जिनियरिङ्ग एण्ड सप्लायर्स २०८१।१।३	५२२७८६
भीरकोट टायल एण्ड पाइप २०८१।१०।१०	७४५३४६
खिलुङ्ग कालिका निर्माण सेवा २०८०।१०।२	५७७४६९
जे.एल.सि विल्डर्स प्रा.लि. जय लक्ष्मी हार्डवयर एण्ड सेनिटरी २०८०।९।२०	५७१५१५
	२४१७११६

अनियमित भएको	२४,१७,११६

३६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत

पालिका अन्तर्गत ९ वडामा ४२ योजना सञ्चालन गरी यस वर्ष ११९ जनालाई औसत ६७ दिनले ७८९६ दिन रोजगारी उपलव्ध गराई रु. ५३६९२८० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३७ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आव्हान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले कबोलपत्रको सुचना प्रकाशित गरी स्वीकृति भएको ठेक्कामा बोलपत्रदाताले लागत अनुमानको तुलनामा २७ प्रतिशत देखि ४० प्रतिशत सम्म घटीमा काम गर्ने गरी ठेक्का कबुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्का विवरणबाट देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटीमा काम गर्ने गरी गराएको कार्यमा सामग्रीको निर्धारित गुणस्तर र परिणाम कार्य भएको सम्बन्धमा यकिन हुने देखिएन ।पालिकामा उपभोक्ता समिति दरभाउ तथा बोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन निरिक्षण र गुणस्तर निर्धारण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिणाममा भएको यकिन गर्न सक्ने देखिएन यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३८ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३९ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुFFजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ नगरपालिकाले स्थानीय तहले यो वर्ष अनुसारका ढाकुप बहुउदेश्यीय सहकारीलाई नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु ३७८८५७ अनुदान उपलब्ध गराएको छन।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित देखिएन अनियमित रु

प्रमाण पेश नगरेको	३,७८,८५७

४० **परामर्स तथा डीपीआर खर्च**

· बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
वडा नं ८ राधाकृष्ण बडहरे दन्सुवाखोला	टोटल इन्जिनियरिङ रिसोर्स म्यानेजमेन्ट सर्भिसेस प्रा लि	११३९०४०	१००८०००
जम्मा:		११३९०४०	१००८०००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४१ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

४२ **बिमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

४३ **कानुन र संचालन स्थती**

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ८ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन २ वटा नियमावली, २३ कार्यविधि, निर्देशिका ५, नर्म्स ३ गरी ३९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

४४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष

थप भएको ३६ गरी कुल ३८ विवाद दर्ता भएकोमा ३६ वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४५ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २ कार्यक्रममा निकाय व्यक्ति तथा संस्थालाई रु. ११९१८८३ म्याद ननाघेको पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

पेश्की

४६ **नन्फाईलर**

मुल्य अभिवृद्धिकर ऐन,२०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नु पर्ने र भुक्तानी दिनले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएका निर्माण व्यवसायी आपुर्तिकर्ता तथा वा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमामण नदेखिएको मुल्य अभिबृद्धिकर समायोजन हुनु पर्ने कर रु

(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	९,७३,७९४

४७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. ३०५४७३३ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १८६२८५० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

पेश्की	१८,६२,८५०

४८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

४९ **शिक्षक दरवन्दी र पदपूर्ति**

· स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	माध्यामिक विधालय ११ र १२ का	२	२	२	३००
२	माध्यामिक विधालय १२ वटा ई सि डी देखि १० सम्म	१८९	१८९	४२	२०६३
३	आधारभुत विधालय २७ वटा ई सि डि देखि ८ सम्म	७७	७७	२२	५६४

शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

५० **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५१ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३८ कर्मचारीको रु २ करोड ४८ लाख र पालिकाका १५७ कर्मचारीको रु २ करोड ३४ लाख ९९ हजार समेत रु. ४ करोड ८२ लाख ९९ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी ग्रेड भुक्तानी हुने हुदा तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५२ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.७१,८८,८७५ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

५३ **कृषि उपकरण**

कृषकलाई व्यक्तिगत र सामुहिक रुपले उपलब्ध गराएको औजार उपकरण सदुपयोग हुने अवस्था मिलाउनु पर्दछ । पालिकाले ५० प्रतिशत अनुदानमा प्रदान गर्ने आवश्यका पर्ने कृषि औजार मिनिटिलर र डिजल ४० थान र प्रेट्रोल २० उपकरणका विभिन्न कृषि सहकारी मार्फत औजार उपकरण खरिद गरिएको पाइयो । कृषि उपकरण भीरकोट नगरपाललिकाले उपलव्ध गराएपछि सो को अभिलेख राखी नियमित अनुगमन गर्ने व्यवस्था मिलाएको देखिदैन । कृषक तथा सहकारी संस्थालाई औजारको सहि सदुपयोग भएन नभएको सम्बन्धमा निरन्तर अनुगमन गरिनु पर्दछ । अनुदान वितरण पुर्व मेशिन उपकरण प्राविधिक गुणस्तर रुजु गरि भुक्तानी गरिने र संचालन सदुपयोगको सम्बन्धमा अनुगमन गरेको पाइएन नियममानुसार अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

५४ **अनुदान कार्यक्रम** (२८४-२०८१-२-१७):

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **२२५,७७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५५ **सामुदायिक सिकाई केन्द्र** (३६४-२०८१-३-९):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान का लागि मापदण्ड पुरा गरेका प्रति सामुदायिक सिकाई केन्द्र लाई रु २५०००० का दरले अनुदान दिने व्यवस्था छ। स्थानीय तहले सामुदायिक सिकाई केन्द्रको सन्चालनको प्रभावकारीताको अवस्थाको अनुगमन गरी सामुदायिक सिकाई केन्द्रहरुको स्थानान्तरण वा व्यवस्थापन सुधार गरी सन्चानलमा ल्याउन सक्नेछन् । तर पालीकाले ३ सामुदायिक सिकाई केन्द्रलई पालिकाले रु २५०००० हजारका दरले रु ७५०००० अनुदान भुक्तानी दिएको मा उक्त सामुदायिक सिकाई केन्द्रहरुले पुरा गर्नुपर्ने मापदण्डहरु बार्षिक साधारण सभा भएको प्रमाण पत्र , लेखापरीक्षण गरेको प्रतिवेदन र शैक्षिक सुचना व्यवस्थापन प्रणाली भरेको प्रमाणपेश हुनुपर्नेमा उक्त प्रमाण संलग्न बेगर भुक्तानी भएको प्रमाणपेश गर्नुपर्ने रु

सिकाईकेन्द्रको नाम	अनुदान रकम
श्री ढापुक सामुदायिक सिकाईकेन्द्र	२५००००
श्री धन्थान सामुदायिक सिकाईकेन्द्र	२५००००

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	५,००,०००

५६ कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **३३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **३३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **७९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५७ नमुना बिद्यालय

५७.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्टयाई सहितत कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । साथै कार्यक्रम कार्यान्वयन पुस्तिकामा नापी किताब, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजात २।२ प्रति प्रविधिकबाट तयार गर्न लगाई सम्बन्धित साइट ईन्चार्ज विद्यालयको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गराई एक प्रति स्थानीय तह र अर्को प्रति विद्यालयमा राख्न राख्न लगाई सो को लेखापरीक्षण विद्यायको आफ्नै स्रोतबाट गराउनु पर्ने र सो को स्थानीय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले श्री भाग्योदय माध्यामिक विद्यालयलाई रु ३० लाख अनुदान दिएको देखिएको यसरी दिएको अनुदान रकमबाट तोकिएको कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३०,००,०००

५७.२ स्थानीय तहले विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलव्ध गराउने व्यवस्था विद्यालय क्षेत्र कार्यान्वयन पुस्तिका २०८०।८१ को कृयाकलाप नं.११.१.२.४४५ मा उल्लेख छ । उक्त अनुदान रकम विद्यालयलाइ उपलव्ध गराउदा सम्पन्न हुने कार्यक्रमको लागत अनुमान तथा विद्यालयको ड्रइङ्ग डिजाइनिङ्ग सहितको गुरु योजना निर्माण सहित अनुदान माग गर्न लागाइ उपलव्ध गराउने विद्यालयको भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने उक्त बजेट विद्यालय र स्थानीय तहविच सम्झौता गरी कार्यप्रगतिको आधारमा उपलव्ध गराउने व्यवस्था रहेको छ । पालिकाले भौ नं ४३७।२०८१।३।२३ मा भाग्योदय माविलाई नमुना विद्यालय गुरुयोजना अनुरुप क्षैक्षिक सुधारको लागिहाल सम्म रु. ३००००००० निकासा उपलव्ध गराएकोमा विद्यालयले नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत शैक्षिक व्यवस्थापकिय एवं प्रशासनिक कार्य सम्पादन अनुदान कार्यान्वयन कार्ययोजना २०८०।८१ तयार पारी स्थानीय तहमा पेश गरेकोमा आफैले पेश गरेको कार्ययोजना अनुसार कार्ययोजना कार्य हुन नसकेको तथा कार्ययोजनामा सवारी चालक सुरक्षा गार्ड अवलोकन भ्रमण भेटघाट कार्यक्रम संचित विदाको रकम वितरण गर्ने लगायतका काम गरेकोले कार्य योजना अनुसार कार्य नगरेको र. कार्ययोजना अनुसार कार्य हुन नसकेको तथा कार्ययोजनामा नीजि शिक्षक समेत राखेको पाइयो ।

५८ **फरक शिर्षक बाट भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी तथा एक शिर्षकको खर्च अन्य शिर्षकमा खर्च गर्न नहुने उल्लेख छ । तर पालिकाले विभिन्न शिर्षकमा विनियोजन गरेभन्दा फरक शिर्षक तथा कार्यक्रममा खर्च गरेको छ । पालिकाले देहाय बमोजिमको शिर्षक बाट गर्नुपर्नेमा फरक शिर्षक बाट खर्च गरेकाले अनियमित रु

बजेट शिर्षक	गो भौ।मिति	खर्च हुनुपर्ने शिर्षक	खर्च भएको शिर्षक	विवरण	भुक्तानि रकम
नगरपालिका पुजिंगत	४९२। २०८१।३। २२	रानी चौपारी मर्मत	बालबालिका कार्यक्रम	भलिबल तथा अन्य सामाग्री वितरण	९९९२०
संघिय हस्तान्तरित चालु	३३२। २०८१।२। २३	आधारभुत तह कक्षा मा अग्रेजि गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	श्री पिपलडाँडा मा वि का लेखा सहायक इन्दिरा रेग्मीको तलब भुक्तानी		२०२५०
					१२०१७०

अनियमित भएको	१,२०,१७०

५९ **दिवा खाजा** (७१-२०८०-९-२०):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.११.१ मा तोकिएका विधार्थिको दिवा खाजाका लागि विधालयलाई अनुदान दिदा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म दिने व्यवस्था रहेको छ । पालिकाका निम्न विधालयलाई ६ कक्षाका विधार्थिहरुलाई १२० दिनको लागि रु १५ का दरले २१६ विधार्थिलाई जम्मा रु ३८८८०० रकम भुक्तानी भएकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका विपरित भुक्तानी भएको देखिएको रु

(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	३,८८,८००

६० **प्रारम्भिक बालविकास अनुदान** (९२-२०८०-९-२९):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं १.१.४.१ मा प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक तथा विधालय कर्मचारी व्यवस्गापन अनुदानमा १ जना विधालय सहयोगि लाई संघिय शशर्त बाट मासिक रु ८००० र १ जना बालविकास

शिक्षकलाई मासिक रु १०००० भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले अनुदान दिँदा देउराली भन्ज्याङ्ग आधारभुत विधालय का निम्न कर्मचारीहरु लाई दोस्रो त्रैमासिक निकासा दिदा कार्यक्रम कार्यान्वयन पुस्तिका विपरित भुक्तानी भएको देखिएको रु

क्र स	शिक्षकको नाम	पद	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी रकम
१	रन माया गुरुङ्	का स	२४०००	४५०००	२१०००
२	चुन माया गुरुङ्	स का	३००००	४५०००	१५०००
जम्मा			५४०००	९००००	३६०००

अनियमित भएको	३६,०००

६१ **छुट तलब**

(….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **१३३,८६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६२ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शशर्त चालु बजेट उप शिर्षकबाट चिराग फार्मेसी फर्मसँग रु १२७८००० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६३ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा गत वर्ष खरिद नभएको र यस वर्ष १०० थान को रु. ८४००० खरिद गरेकोमा गत वर्ष २२ जना र यस वर्ष ३० जना गरी ५२ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १०० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६४ **स्यानिटरी प्याड**

· स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२५० जना रहेका छन। पालिकाले चुनचुन फार्मेसी र ए जि पावर सप्लायर्स बाट जम्मा ११२३६ थान स्यानिटरी प्याड रु ८८८७६७ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि

मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६५ **शुभकामना सन्देश तथा क्यालेण्डर छपाइ**

अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्यी तथ प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाइ गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सुचना तथा प्रसारण विभागले बाहेक अन्य निकायले क्यालेण्डर र डायरी छपाइ गर्न नपाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न पत्रपत्रिका तथा भित्तेपात्रो समेतमा पलिकालको तर्फबाट नव वर्ष तथा विजयादशमी एवं दीपावलीको अवसरमा शुभकामना प्रकाशित गर्नुका साथै विद्यालयमा वितरण गर्नको लागि शैक्षिक क्यालेण्डरको समेत प्रकाशन गरेको पाइयो। यसको केही उदाहरण निम्नानुसार छन । यस्तो खर्चमाा नियन्त्रण गरी सार्वजनिक खर्चलाइ मितव्ययी र प्रभावकारी बनाउनु पर्दछ। नियम सम्वत नदेखिएको रु…

य

(विस्तृत विवरण बेरुजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	९,८५,४१३

६६ **बढी भुक्तानी** (३१५-२०८०-११-९):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १ ख मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनुपर्ने व्यवस्था छ।तर पालिकाले नगर अस्पतालमा विभिन्न १२ आईटमको मेडिकल ईक्युपमेन्ट खरिद गरी टाईटन ईम्पेक्स प्रालि लाई २०५७२५०। भुक्तानी गर्दा विभिन्न आईटम मध्ये २ वटा मेशिनको कार्य एउटै मेशिनले गर्ने देखिएको हुँदा एउटा मात्र मेशिन खरिद भएकोमा उक्त मेशिनको मात्र रु २२६००० भुक्तानी हुनुपर्नेमा दुईवटै मेशिनको रकम ४५२००० भुक्तानी भएको देखिएकोले एउटा मेशिनको बढी भुक्तानी २२६००० रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,२६,०००

६७ **सफ्टवेयर खरिद** (४६८-२०८०-९-६):

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले डिजिटल बोर्ड सम्बन्धी सफ्टवेयर खरिद गरी रु १८१२४२८ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। ।वडाका प्रत्येक वडामा राखिएको डिजिटल बोर्ड मर्मतको लागि सम्झौता नं ६ मा मर्मतको लागि अग्रमिम भुक्तानी १५ प्रतिशत हुनु पर्ने भनिएकोमा कामनै नलागाइ गरिएको सफ्टवेयर हब नेपाल प्रा.लि भौ नं ४६८ मिति २०८०।९।६ सम्झौता रकम बढी भुक्तानी असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	२,७१,८६५

६८ **सामाजिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा आफुले सम्पन्न गरेका कार्यहरुको सामाजिक परिक्षण नगराएको ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भीरकोट नगरपालिका, स्यांजा , भीरकोट नगरपालिका , स्याङ्जा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	थम्मन सिंह गौतम	२०८१-६-४	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	धर्मराज ढुंगाना	२०८०-२-२६	२०८१-६-६
लेखा प्रमुख	जब्बर अलि मियाँ	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४९७,८६५	४,७९८,३५०	६,२६१,५४१	०	०	१,८६२,८५०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३,४२०,६०६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	९३२,५५२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१२,४८८,०५४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२६३०७३६.५५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३९०५१४९५७	चालु खर्च	५५८३७६२६३.६८
प्रदेश सरकारबाट अनुदान	१७२३०५००	पूँजीगत खर्च	१६४९३३२३६
राजश्व बाँडफाँट	१०७२६५५३५.६९	वित्तीय/अन्य व्यवस्था	५४३१९७२२.१५
आन्तरिक आय	४६०९७५३३		
अन्य आय	२२५८६७९७५.४		
कुल आय	७८६९७६५०१.०९	कुल खर्च	७७७६२९२२१.८३
बाँकी मौज्दात		३१९७८०१५.८१	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८१,६३६.००	०	८१,६३६.००	८,६८,९०,०४४.८९	०	८,६८,९०,०४४.८९
१३०००	अनुदान		०	०	०	३९,१४,१४,४५५.८५	०	३९,१४,१४,४५५.८५
१४०००	अन्य राजस्व		०	०	०	६,००,२०,५२३.८०	०	६,००,२०,५२३.८०
३३३६६	दहत्तर बहत्तर शुल्क		०	०	०	३,०१०.००	०	३,०१०.००
क	कुल जम्मा प्राप्ति		८१,६३६.००		८१,६३६.००	५३,८३,२८,०३४.५४		५३,८३,२८,०३४.५४
३	चालु		०	०	०	३७,५७,४८,६५५.०८	०	३७,५७,४८,६५५.०८
२१०००	पारिश्रमिक / सुविधा		०	०	०	३,९५,३८,४२३.७८	०	३,९५,३८,४२३.७८
२२०००	मालसामान तथा सेवाको उपयोग		०	०	०	९,६२,५०,३५२.४५	०	९,६२,५०,३५२.४५
२६०००	अनुदान		०	०	०	२३,८१,१९,९०७.८५	०	२३,८१,१९,९०७.८५
२७०००	सामाजिक सुरक्षा		०	०	०	१,९०,६५०.००	०	१,९०,६५०.००
२८०००	अन्य खर्च		०	०	०	१६,४९,३२१.००	०	१६,४९,३२१.००
४	पूंजीगत		०	०	०	१६,४७,९३,२३६.००	०	१६,४७,९३,२३६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		०	०	०	१२,१५,७८१.००	०	१२,१५,७८१.००

३११३०	अन्य पूँजीगत खर्च		०	०	०	१५,९८,७६०.००	०	१५,९८,७६०.००
३११५०	सार्वजनिक निर्माण		०	०	०	१६,१७,७८,६९५.००	०	१६,१७,७८,६९५.००
३१३१०	बहुमूल्य सामानहरु		०	०	०	२,००,०००.००	०	२,००,०००.००
५	वित्तीय		०	०	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी					५४,०५,४१,८९१.०८		५४,०५,४१,८९१.०८
ग)	बचत /कमी (ग = क-ख)		८१,६३६.००		८१,६३६.००	(२२,१३,८५६.५४)		(२२,१३,८५६.५४)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)					२२,९९,२७१.००		२२,९९,२७१.००
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी					-३,३२३.००		-३,३२३.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		८१,६३६.००		८१,६३६.००	८५,४१४.४६		८५,४१४.४६
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात					२,२०,७६,३५९.५५		२,२०,७६,३५९.५५
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा		८१,६३६.००		८१,६३६.००	२,२१,६१,७७४.०१		२,२१,६१,७७४.०१

	बैंक मौज्दात (ज= ङ+च+छ)							

बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची -४

गो भौ न मिति	विवरण	भुक्तानी रकम
११२।२०८०।०९।०१	ठूली भन्ज्याङ्ग गाउँ शहर स्टोर्स र्विभिन्न निर्माण सामग्री पाईप जस्ता पाता पानी ट्याङ्की लगायत	७००००००
१११।२०८०।०८।२९	करुण वयरघारी मुस्लिम युवा क्लवलाई खेलकुदका सामान भुक्तानी	७२०००
१५६।२०८०।०९।१२	सडक वत्ती राख्ने प्रयोजन	५००००
१७३।२०८०।०९।२२	स्याङ्जा मुस्लिम समाजलाई मदर्शामा हाजिरीजवाफ प्रतियोगिता सन्चालन	३००००
१८०।२०८०।०९।२४	छाङ्छाङ्दी युवा क्लवलाई जर्सी खरिदको लागि भुक्तानी	१३२००
२०३।२०८०।०९।२५	मुनाल गोदार दिपावली तथा छठ पर्वको शुभकामना	३१६००
२०८।२०८०।०९।२५	लायन्स क्लव अफ भिरकोट आँखा चेकजाँच कार्यमा सहयोग	२५०००
२१०।२०८०।०९।२५	लायन्स क्लव अफ भिरकोट सेफ्टी ज्याकेट विपद उद्दार	२५०००
२१०।२०८०।०९।२५	सहनशील आमा समूह प्लाष्टिक कुर्सी स्टिल जग लगायत	४००००
२५५।२०८०।११।०१	करुङ वयरघारी मुस्लिम युवा क्लव खेलकुदका सामान	२७५००
३११।२०८०।११।१०	सत्य साई केन्द्र ओम शाही राम केन्द्रको भवन निर्माण	५००००
३२५।२०८०।११।११	जलदेवी युवा क्लव खेलकुदका सामान	४००००
३५६।२०८०।११।२९	मोहमद ईर्साद मियालाई होस्टेलमा बसेको खर्चबापत विधालयलाई भुक्तानी	२७०००
		११३१३००

बेरूजु दफा ३२ सँग सम्बन्धित विवरण - अनुसूची -५

बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -६

ठेक्का नं	विवरण	निर्माण व्यवसायीकोनाम	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
BM/UMP/OS/NCB/01/080/81	महोनडाडा पाख्रो ओखरे ग्रामिण सडक	सुविन निर्माण सेवा	७८२४०७३	५६५२१३२	२२
BM/UBTK/NCB/2/080/81	बलमाता तिलाहार खुलुङ्ग कालिका	पराक्रम कन्ष्ट्रक्सन प्रालि	६८१०१०२	४९६३१४८	२७
BM/UOC/MTDPHCS/NCB/O80/080/81	सुन्दरबाजार मोहन डाँडा ठुली भन्जायङ्गदेखि पर्वत हातेमालो चोक	सुनिश कन्ट्रकसन	१४६३८१३४	९२४८२१७	३६
BM/UBDJ/KB/NCB/03.2080/81	बयर घारी दर्शिङ्ग जगतपुर केघा बनेथोक	रिसिङ्ग कन्ट्रक्सन	५८७९३३६	४०८०१२६	३०
BM/RTW.AR/NCB/05/080/81	नदी तालिम कामा आधिखोला	यति बिल्डर्स	१४८७३०१	८८७३८००	४०
BM/CBSS/NCB/07/080/81	वडा भवन ५ नम्बर	जानुस निर्माण सेवा कम्पनी	४५८६६९४	३२४७९६४	२९
BM/PCCA/M/NCM/01/080/81	भाग्योदय मावि	छोर खसुलुशन	१२९०४१४८	८८९१७७४	३१
BM/UPSR/NCB/09/080/81	सि सि टिभि र इ हाजिर	खिलुङ्ग कालिका	३०६००००	१९६६२३९	३५
BM/MT/N/CB/06/080/81	पातपाती सुन्दर चौर	खिलुङ्ग कालिका	५५४६३३१२	३६४५४०५	३३
BM/SOM/EB/3/080/81	मिनिटिलर खरिद	विडि एस नेपाल	३३०००००	३२७९९८०	३३
BM/Som/EB/SQ/03/80/81	स्वास्थ्य सामग्री खरिद	टिटन इम्पेक्स प्रलि	२८१५९२२	२००४०५५	२८

बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -७

प्रकार	खर्च उपशिर्षक	गो भौ।मिती	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति वा संस्था	पेश्की रकम
निर्माण व्यवसायि	२६३३२	४८६।२०८१।३।२३	स्वास्थ्य चौकी भवन निर्माण	ए टि बिल्डर्स	६०००००
संस्थागत	३११५९	६०।२०८१।३।२४	विधालय भवन निमाण	श्री भाग्योदय माध्यामिक विधालय	५९१८८३
जम्मा					११९१८८३

बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -८

गौ भौ नं र मिति बिजक नं	आपुर्तकको नाम वा सेवा प्रदायक	भुक्तानी रकम	मु.अ.कर	देखिएको व्यहोरा
१००।२०८०।९।२३।०४	जेनीस निर्माण कम्पनी (६०९७४२३५८)	२९९७०८७	२५२७६२	२०८०।M।२देखि Nonfiler
१००।२०८१।३।६।०५	जेनीस निर्माण कम्पनी (६०९७४२३५८)	१९८६९६८	२२८५८९	२०८०।M।२देखि Nonfiler
४९५।२०८१।०३।२२।०२	जेनीस निर्माण कम्पनी (६०९७४२३५८)	३७११९००	४८२४४३	२०७७।M।६ देखि Nonfiler

बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची - ९

प्रकार	खर्च उपशिर्षक	गो भौ।मिती	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति वा संस्था	ग त आ व र चालू आ व को म्याद नाघेको(रकम)
निर्माण व्यवसायि	३११५४	१।२०८०।४।१	तटबन्धन तथा बांध निर्माण	जेनस निर्माण कम्पनि प्रा ली	३०९०००
संस्थागत	२२५२२	१।२०८०।४।१	पर्यटन पुर्वाधार विकास कार्यक्रम	बाबु एडभेन्चर्स क्लब	५०००००
	३११५९	१।२०८०।४।१	आमा समुह भवन निर्माण	ॐ शिवजी आमा समुह शौचालय उपसमिति	६००००
	३११५६	१।२०८०।४।१	छाङ्छाङ्दि झारखाम लिफ्टीङ् खानेपानी	झारखाम छाङ्छाङ्दि लिफ्टीङ् सिचाई आयोजना	३६००००
	३११५९	१।२०८०।४।१	समपुरक कोष पुर्जिगत	ठलि भञ्याङ्ग चराङ् सिरकोट सडक निर्माण उ स	१३५०००
	३११५९	१।२०८०।४।१	आंगेटारी खानेपानी रिजर्भ टंकि निर्माण	ढुङ्खोला कजवे निर्माण योजना उ स	३०००
	२११५९	१।२०८०।४।१	दहथुम शिवमन्दिर निर्माण	दहथुम शिवमन्दिर पुर्णता उ स	३००००
	३११५९	१।२०८०।४।१	पकानफांट कुलो निर्माण	पकानफांट कुलो सिचाई योजना उ स	३००००
	३११५९	१।२०८०।४।१	रयाले रिजु गोरेटो बाटो पि सि सि	रयाले रिजु गोरेटो बाटो पि सि सि आयोजना उस	४५०००
	३११५५	३।२०८०।६।२१	सिचाई संरचना निर्माण	पकानफांट कुलो सिचाई योजना उ स	३००००
व्यक्तिगत	२६३३२	१।२०८०।४।१	पशुपंक्षी सम्बन्धि सरुवारोग सचेतना कार्यक्रम	श्रीराम अर्याल	२००००
		१।२०८०।४।१	स्वास्थ्य संस्थाको मासिक बैठक	श्रीराम अर्याल	४०८५०
कर्मचारी	२२७२१	१२६।२०८०।९।६	सभा संचालन खर्च	नवीन थापा	३०००००
जम्मा					१८६२८५०

बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची -१०

क्र सं	विधालयको नाम	विधार्थि संख्या	दिन	दर	जम्मा भुक्तानी
१	श्री कालिका आधारभुत विधालय	१६	१२०	१५	२८८००
२	श्री जन ज्योति आधारभुत विधालय	७	१२०	१५	१२६००
३	श्री शहिद शुक्र माध्यामिक विधालय	२०	१२०	१५	३६०००
४	श्री धाबुङ थाटी माध्यामिक विधालय	१०	१२०	१५	१८०००
५	श्री दहथुम माध्यामिक विधालय	३९	१२०	१५	७०२००
६	श्री पब्लिक एकेडमि माध्यामिक विधालय	१४	१२०	१५	२५२००
७	श्री शिरुखर्क जोगिस्थान माध्यामिक विधालय	९	१२०	१५	१६२००
८	श्री पिपल डन्डा माध्यामिक विधालय	१०	१२०	१५	१८०००
९	श्री ठुलि भन्ज्याङ्ग माध्यामिक विधालय	१५	१२०	१५	२७०००
१०	श्री शिरकोट माध्यामिक विधालय	८	१२०	१५	१४४००
११	श्री भाग्योदय माध्यामिक विधालय	४५	१२०	१५	८१०००
१२	श्री महेन्द्र ज्योति माध्यामिक विधालय	५	१२०	१५	९०००
१३	श्री जनप्रिय माध्यामिक विधालय	१६	१२०	१५	२८८००
१४	श्री राजेन्द्र भवानि माध्यामिक विधालय	२	१२०	१५	३६००
जम्मा					३८८८००

बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -११

भौ नं र मिति	पत्रपिका छपाइ	रकम
१३८।२०८०।९।१२	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	२९३८२४
२६७।२०८०।११।२	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	९९४४०
२६९।२०८०।११।२	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	२६५०१२
२७१।२०८०।११।०२	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	७५९३६
२७३।२०८०।११।०२	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	६६४४४
२७५।२०८०।११।०२	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	५००००
२७९।२०८०।११।०३	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	६०५११
२८६।२०८०।११।०३	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	२४२४६
४०१।२०८०।१२।१४	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	२५०००
५८५।२०८१।०३।१२	पत्रपित्रका छपाइ तथा सुचना प्रकाशन	२५०००
जम्मा		**९८५५१३**

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।